# काठको तला र पाखायुक्त छानाले बनेका ग्रामीण ढाँचाका गारोवाला घरहरू

## खण्ड-क

### दोस्रो कदम

आफ्नो घरलाई मिहिन तरिकाले जाँच्नुहोस् र निम्न बुंदाहरू ख्याल राख्नुहोस् ।

१. घर बेस्सरी ढल्केजस्तो, लच्केजस्तो देखिन्छ ? तपाईंलाई त्यस्तै लाग्छ ?



२. गारोहरू लड्न ठिक्क परेजस्तो देखिएका छन् ?



३. गारोमा लामालामा र निकै गहिरा चिरा वा धाँजाहरू देखिएका छन् ?



४. बेस्सरी चर्किएका गारोहरू बिस्तारै बिस्तारै लड्न थालेका छन् ? गारोबाट ढुंगा वा ईंटाहरू खस्न थालेका छन् ?



यदि माथि उल्लेखित ४ समस्याहरू देखिएका छन् भने ती घरहरू मर्मत गरेर बस्न योग्य छैनन् भन्ने सम्फनुपर्छ । यस्ता घरलाई भत्काउनुको विकल्प छैन ।

५. गारोहरू कुनाबाट फाटेका छन् ?



६. गारोमा ठूलठूला चिराहरू देखिन्छन् ?



७. चुली वा चिम गारो भत्किएपनि छानो खसेको, भत्केको या बिग्रेको छैन ?



८. एक वा एकभन्दा धेरै गारोमा गारोको पत्र वा तह तस्वीरमा देखाइएफैं फाटेको वा भत्केको छ ?



काठको तला र पाखायुक्त छानाले बनेका ग्रामीण ढाँचाका गारोवाला घरहरूमा बुँदा नम्बर ५ देखि ८ मा उल्लेखित समस्याहरू देखिए भने त्यस्ता घरलाई विज्ञको सल्लाह र रेखदेखमा मर्मत गरी पुनः प्रयोग गर्न सकिन्छ ।

### तेस्रो कदम



भवनमा थप क्षति नपुगोस् भन्नाका लागी टेका लगाएर राम्ररी आड दिने । ठाडो, तेर्सो या छड्के टेकाको सहायताले गारोलाई आड दिनुपर्छ । चिरा परेको ठाउँबाट बर्षाको पानी पसेर भवनमा थप क्षति पुग्नसक्छ । त्यसो नहोस् भन्नाका लागी चिरा परेको भागलाई राम्ररी छोपछाप पनि गर्नुपर्छ ।

### चौंथो कदम

अब के गर्ने ? पुन:निर्माणको काममा गाविसमा खटिनुभएका इन्जिनियर र अन्य प्राविधिकलाई भेट्नु सबैभन्दा उचित हो । उहाँहरूले तपाईंलाई उचित रायसल्लाह दिनुहुनेछ । शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन वा जिल्ला कार्यालयबाट पनि आवश्यक जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

# ढुंगा वा ईंटाको गारो लगाएर छत ढलान गरी बनाईएका घर

## खण्ड-ख

### दोस्रो कदम

आफ्नो घरलाई मिहिन तरिकाले जाँच्नुहोस् र निम्न बुंदाहरू ख्याल राख्नुहोस् ।

१. घर बेस्सरी ढल्केजस्तो, लच्केजस्तो देखिन्छ ? तपाईंलाई त्यस्तै लाग्छ ?



२. एक वा सोभन्दा बढी गारोहरू बेस्सरी लच्केको वा ढल्केको महसुस हुन्छ ?



३. के अधिकांश गारोमा असाध्यै लामा र गहिरा तथा वारपार छिचोल्ने चिराहरू छन् ? त्यस्ता गारोहरू ढल्किन थालेजस्ता देखिन्छन् ? ईंटा या ढुंगा खस्न थालेका छन् ?



४. ढुंगे गारोको पत्र वा तह भत्केको वा फाटेको देखिन्छ ?



यदि माथि उल्लेखित ४ समस्याहरू देखिएका छन् भने ती घरहरू मर्मत गरेर बस्न योग्य छैनन् भन्ने सम्फनुपर्छ । यस्ता घरलाई भत्काउनुको विकल्प छैन ।

५. गारोहरू कुनाबाट फाटेका छन् ?



६. गारोमा देखिएका चिराहरू आधा सेन्टिमिटरमात्रै चौडा छन् ?



७. के छतको भाग गारोबाट छुटेको छ ? छत नबिग्रिएपनि गारोको भाग भत्किएको छ ?



८. ढुंगे गारोको ठाउँठाउँमा चिराहरू देखिएका छन् ?



ढुंगा वा ईंटाको गारो लगाएर छत ढलान गरी बनाईका घरहरूमा बुँदा नम्बर ५ देखि ८ मा उल्लेखित समस्याहरू देखिए भने त्यस्ता घरलाई विज्ञको सल्लाह र रेखदेखमा मर्मत गरी पुनः प्रयोग गर्न सकिन्छ ।

### तेस्रो कदम



भवनमा थप क्षति नपुगोस् भन्नाका लागी टेका लगाएर राम्ररी आड दिने । ठाडो, तेर्सो या छड्के टेकाको सहायताले गारोलाई आड दिनुपर्छ । चिरा परेको ठाउँबाट बर्षाको पानी पसेर भवनमा थप क्षति पुग्नसक्छ । त्यसो नहोस् भन्नाका लागी चिरा परेको भागलाई राम्ररी छोपछाप पनि गर्नुपर्छ ।

### चौंथो कदम

अब के गर्ने ? पुन:निर्माणको काममा गाविसमा खटिनुभएका इन्जिनियर र अन्य प्राविधिकलाई भेट्नु सबैभन्दा उचित हो । उहाँहरूले तपाईंलाई उचित रायसल्लाह दिनुहुनेछ । शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन वा जिल्ला कार्यालयबाट पनि आवश्यक जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

# ढलान गरी बनाईएका पिलरवाला घरहरू

# खण्ड-ग

## दोस्रो कदम

आफ्नो घरलाई मिहिन तरिकाले जाँच्नुहोस् र निम्न बुँदाहरू ख्याल राख्नुहोस् ।

१. घर बेस्सरी ढल्केजस्तो, लच्केजस्तो देखिन्छ ? तपाईंलाई त्यस्तै लाग्छ ?



२. घरको कुनै तल्ला तस्वीरमा देखिएझैं पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ?



३. घरको कुनै तल्ला बेस्सरी लच्केको वा ढल्केको छ ?




४. पिलरका जोर्नीहरू बेस्सरी फुटेका छन् ? जोर्नीमा गहिरा र चौडा चिराहरू देखिन्छन् ?



५. तस्वीरमा देखाईएझैं जोर्नी फुटेर पिलरका डण्डीहरू बेस्सरी बांगिएका छन् ? बिमहरू लच्केका छन् ?



यदि बुँदा नम्बर १ देखि ५ मा उल्लेखित समस्याहरू देखिएका छन् भने ती घरहरू मर्मत गरेर बस्न योग्य छैनन् भन्ने सम्झनुपर्छ । यस्ता घरलाई भत्काउनुको विकल्प छैन ।

६. ईंटाले बनेका गारोहरू तस्वीरमा देखाईएझैं लडेका वा भत्केका छन् ?



७. तस्वीरमा देखाईएझैं ढुंगे गारोको एक पत्र लडेको हो ?



८. ईंटाको गारो बेस्सरी क्षतिग्रस्त भएको हो ?



९. पिलरमा मसिना चिराहरू देखिएका छन् ?



१०. तस्वीरमा देखाईएझैं पिलरको जोर्नीबाट कंक्रिट (ढलान) फुटेको हो ?



११. पिलरका डण्डीहरू बांगिएपनि दलिन (बिम) लच्केको छैन ?



पिलर राखी बनाईएका ढलान घरमा बुँदा नम्बर ६ देखि ११ मा उल्लेखित समस्याहरू देखिए भने त्यस्ता घरलाई विज्ञको सल्लाह र रेखदेखमा मर्मत गरी पुन: प्रयोग गर्न सकिन्छ ।

## तेस्रो कदम

अब के गर्ने ? पुन:निर्माणको काममा गाविसमा खटिनुभएका इन्जिनियर र अन्य प्राविधिकलाई भेट्नु सबैभन्दा उचित हो । उहाँहरूले तपाईंलाई उचित रायसल्लाह दिनुहुनेछ । शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन वा जिल्ला कार्यालयबाट पनि आवश्यक जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

| क्र.सं. | जिल्लाको नाम | शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन वा जिल्ला कार्यालयको सम्पर्क नम्बर |
|---|---|---|
| १ | गोरखा | ०६४-४२०२२१ |
| २ | धादिङ्ग | ०१०-५२१२९८ |
| ३ | नुवाकोट | ०१०-५६०१७९ |
| ४ | रसुवा | ०१०-५४००६१ |
| ५ | काठमाडौ | ०१४-२६३४०८ |
| ६ | ललितपुर | ०१५-२६०८२९ |
| ७ | भक्तपुर | ०१६-६१२७७५ |
| ८ | मकवानपुर | ०५७-५२०३४४ |
| ९ | काभ्रे | ०११-६६२८९१ |
| १० | सिन्धुपाल्चोक | ०११-६२०३४३ |
| ११ | दोलखा | ०४९-४२१७७७ |
| १२ | रामेछाप | ०४८-५४०३१० |
| १३ | ओखलढुङ्गा | ०३७-५२०१०३ |
| १४ | सिन्धुली | ०४७-५२११३९ |

NCPDP
National Centre for Peoples'-Action In Disaster Preparedness

*Reprinted by:*
Resilient Communities through Building Back Better in Districts most severely affected by 2015 Earthquake

UNDP 50 YEARS

Funded by European Union Humanitarian Aid & Civil Protection

**हार्दिक धन्यवाद** : जितेन्द्र बोथरा, राजेन्द्र देसाई, विवेक रावल

# के आफ्नो घर भत्काउने तरखरमा हुनुहुन्छ ?

भुइँचालोको धक्काले भग्न बनेका घरहरू भत्काउनुअघि धेरै सोचविचार गर्नुपर्ने हुन्छ । महत्वपूर्ण कुरा त भुइँचालोको धक्काले घर चर्कियो भन्दैमा त्यो घर तुरून्तै भत्काउनै पर्छ भन्नेपनि छैन । कस्ता घर भत्काईहाल्ने ? मर्मत गर्न मिल्ने घर कस्ता हुन् ? धेरैका मनमा यस्ता प्रश्न उब्जन सक्छन् । यो सामाग्रीले यस्ता धेरै अन्योल चिर्न मद्दत गर्नेछ ।

## पहिलो कदम

सर्वप्रथम आफ्नो घर कस्तो निर्माण सामाग्री र निर्माण शैलीले बनेको हो, ख्याल गर्नुहोस् ।

तपाईंको घर माटो वा सिमेन्टको मसला प्रयोग गरी ढुंगा वा ईंटाको गारो लगाएर बनाईएको हो ? त्यस्ता घरलाई गारोवाला घर पनि भन्ने गरिन्छ, जसमा भवनको तला र छानाको भार गारोले बहन गरेको हुन्छ । यी घरहरू प्राय: काठको तला र पाखायुक्त छाना हालेर बनाईएका हुन्छन् । तपाईंको घर पनि यस्तै किसिमको हो भने **खण्ड क** हेर्नुहोला ।





सिमेन्ट या माटोको मसला प्रयोग गरी ढुंगा वा ईंटाको गारो लगाएर पाखायुक्त छानाको सट्टा छत ढलान गरी घर बनाउने प्रचलन ग्रामीण भेगभन्दा अर्ध शहरी या शहरोन्मुख भेगमा बढी छ । यसरी घर बनाउँदा कसैले गारोमाथी बिम पनि राखेका हुन्छन्, कसैले राखेका हुँदैनन् । तपाईंको घर पनि यसरी नै बनेको हो भने **खण्ड ख** हेर्नुहोला ।

पिलरवाला घरमा घरको सम्पूर्ण भार पिलर, छत र दलिन (बिम) ले संयुक्त रूपमा बहन गर्दछन् र जगमार्फत जमिनमा पठाउँछन् । पिलरवाला घर बनाउँदा पिलर बनिसकेपछि गारो लगाएर मात्रै ढलान गर्ने आम प्रचलन छ । पिलर, बिम र ढलानको काम सकिएपछि मात्रै गारो लगाउने चलनपनि शहरी र ग्रामीण दुबै भेगमा देख्न सकिन्छ । तपाईंको घर पिलरवाला हो भने **खण्ड ग** हेर्नुहोला ।

